# भागबन्डा नमिल्दा सरकार गठनमा खटपट

**गोविन्द महतो** | *जनकपुरधाम*



**मधेसका पूर्वमुख्यमन्त्रीहरू क्रमशः बायाँबाट सरोजकुमार यादव, लालबाबु राउत, सतीशकुमार सिंह, कृष्णप्रसाद यादव, सरोज यादव र जितेन्द्रप्रसाद सोनार**

मधेस प्रदेश सरकार गठन भएको हप्ता दिन नबित्दै सत्तासीन दलहरूबीच खटपट सुरु भएको छ। उनीहरूबीच भागबन्डामा चर्को विवाद देखिएको हो। सरकारको नेतृत्वकर्ता कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवलाई स्पष्ट अंक गणित हुँदाहुँदै पनि विश्वासको मत लिन आनाकानी भइरहेको छ। जसको मूल कारण हो, सत्ता साझेदार जनता समाजवादी पार्टी नेपालले चाहेअनुसारको भागबन्डा नपाउनु।

जसपा नेपालले रोजेको सभामुख र भौतिक पूर्वाधार विकास मन्त्रालयसहित अन्य मन्त्रालयको कुरा नमिल्दा सरकारमा सहभागी भएको छैन। १२ सदस्यीय मन्त्रिपरिषद्मा ६ जना मन्त्री बनिसकेका छन। बाँकी पदमा कुरा नमिल्दा मन्त्रिपरिषद्ले पूर्णता पाउन सकस भइरहेको छ। जसमा तत्कालीन नेकपा माओवादी केन्द्र र जसपा नेपालबीच भौतिक पूर्वाधार मन्त्रालय र सभामुख पदमा बार्गेनिङ नमिल्दा सरकारलाई पूर्णता दिन नसकेको माओवादी एक सांसदले नाम नबताउने सर्तमा जानकारी दिए। माओवादी केन्द्र सभामुख र भौतिक पूर्वाधार मन्त्रालयमध्ये कुनै एक पाउनुपर्ने अडान कायम राखेको र मुख्यमन्त्रीले कुनै एक सानो मन्त्रालय दिएर फकाउने प्रयास असफल भइरहेको छ भने माओवादी र जसपा नेपालले समान मन्त्रालय तथा सभामुखमा दाबी कायमै राखेपछि अन्योलताको अवस्था सृजना भएको हो।

उनले भने, 'मुख्यमन्त्री कृष्णाले माओवादीसँग एउटा सर्त राखेको छ। जसमा मुख्यमन्त्रीलाई माओवादी केन्द्रका ९ जना सांसदले विश्वासको मत दिन दुईवटा सानो मन्त्रालय दिने अन्यथा माओवादीलाई एकवटा मन्त्रालय दिएर सीमित राख्ने मुख्यमन्त्री सर्त छ। जसको मूल कारण हो मुख्यमन्त्री कृष्णाप्रसाद यादवलाई माओवादीका ९ वटै सांसदले विश्वासको मत दिने भरोसा नहुनु!' पूर्वमुख्यमन्त्री जितेन्द्र (सोनल) प्रसाद सोनार नेतृत्वको सरकारलाई विश्वासको मत माओवादीले नदिएकै कारण उनी विश्वासको मत लिनबाट पछि हटेर राजीनामा घोषणा गरेका थिए। सोही प्रवृत्तिको पुनरागमन हुने छाँटकाँट देखेका मुख्यमन्त्री यादवले माओवादीलाई एक मन्त्रालय दिएर सीमित गर्न खोजेको छ। यता जनमत पार्टीले मन्त्रालयको भागबन्डा नमिल्दा सरकार नै छाड्ने चेतावनी दिएको छ। जनमत पार्टीका वरिष्ठ उपाध्यक्ष वसन्त कुशवाहाले मधेस सरकारको सत्ता साझेदार दल जनमत पार्टीले सरकारबाट बाहिरिने धम्की दिएको हो। जनमत पार्टीका राष्ट्रिय वरिष्ठ उपाध्यक्ष इन्जिनयर वसन्त कुशवाहाले भागबन्डाको नाममा जनमतले पार्टीको उपस्थिति सरकारमा दयनीय अवस्थामा गए सरकारबाट बाहिरिने धम्की दिएको हो।

जनमतका राष्ट्रिय वरिष्ठ उपाध्यक्ष कुशवाहाले समाजिक सञ्जाल फेसबुकमार्फत भनेका छन्, 'मधेस प्रदेश सरकारमा जनमत पार्टीको उपस्थिति दयनीय अवस्थामा आइपुगेको छ। आर्थिक वर्ष २०८२/०८३ मा हामीले उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयअन्तर्गत १० औं हजार रोजगारी सृजना गर्ने कार्यक्रम बजेटमा विनियोजन गरेका छौं। तर, भागबन्डाको नाममा अरूलाई त्यो मन्त्रालय दिनु भनेको सम्पूर्ण रोजगारी कार्यक्रमलाई अल्पत्र पार्नु हो। त्यसैले जनमत पार्टीको उद्देश्यबमोजिम सरकारमा सुनिश्चिता नभए मधेस प्रदेश सरकारबाट जनमत पार्टी अलग हुन तैयार हुनुपर्छ।'

सोमबार भएको मन्त्रिपरिषद् विस्तारको भागमा उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय माओवादी केन्द्रको भागमा परेको छ। जसले जनमतमा असन्तुष्टि पैदा भएको छ। मुख्यमन्त्री कृष्णप्रसाद यादवले सोमबार मन्त्रिपरिषद् विस्तार गरेर ६ सदस्यीय बनाएको छ भने अझै ६ मन्त्रालय मुख्यमन्त्री यादवले आफू मातहत नै राखेको छ। ७ दलको समर्थनमा बनेको कृष्णा यादव नेतृत्वको सरकारलाई मन्त्रालयको भागबन्डा मिलाउन सकस देखिएको बेलामा मुख्यमन्त्री स्वयं पनि साना दललाई पन्छ्याएर भए पनि सरकारलाई अघि बढाउन चाहन्छ। मधेस सरकारसहित अन्य ६ प्रदेशमा नेपाली कांग्रेस र नेकपा एमालेको समीकरणको सरकारलाई दुवै दलले मधेसमा पनि कायम राख्न चाहन्छ।

# नवलपरासी गगन गुटको उदय




**हरि शर्मा** | *परासी*

जिल्लामा छुट्टाछुट्टै गुट चलाउँदै आएका दुई नेताहरूले आपसमा सहमति गरेपछि नवलपरासी कांग्रेसमा नयाँ गुटको उदय भएको छ। जिल्लामा लामो समयदेखि कांग्रेस केन्द्रीय सदस्य एंव पूर्वगृहराज्यमन्त्री देवेन्द्रराज कँडेल र संविधानसभा सदस्य विक्रम खनालको छुट्टाछुट्टै गुट थियो। कँडेल संस्थापन पक्ष (शेरबहादुर देउवा) पक्षका हुन् भने खनाल शेखर कोइराला पक्षका हुन्। गुट लडाइँका कारण केन्द्रीय कार्यालयले आहान गर्ने कार्यक्रममा समेत छुट्टाछुट्टै गर्दै आएका थिए।

नयाँ गुट बनाउनमा आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा सदस्यको उम्मेदवार छनोटको विषय नै प्रमुख कारण रहेको देखिएको छ। उनीहरूले बर्दघाटमा पत्रकार सम्मेलन नै गरेर जिल्लामा गगन गुटको घोषणा गरेका हुन्। जिल्लामा पानी बाराबारको स्थितिमा गुटको राजनीति गर्दै आएका यी दुई नेताहरूले एकाएक आपसी सहमति गरेपछि असन्तुष्ट नेताहरूले औपचारिक रूपमा महामन्त्री गगन थापाको गुट बनाएका हुन्। नयाँ गुटमा कँडेल र खनाल पक्ष दुवैका नेता/कार्यकर्ता जोडिएका छन्। गगन गुटको नेतृत्व लुम्बिनी प्रदेशका सभासद् विश्वप्रेम पाठकले गरेका छन्।

**कसरी बन्यो नयाँ गुट ?**

हरेक निर्वाचनमा कँडेल र खनालबीच एकअर्कालाई चुनाव हराउनमा सहयोग गरेको भन्दै आरोप/प्रत्यारोप हुँदै आएको थियो। पार्टीले आगामी निर्वाचनका लागि उम्मेदवार छनोट गरेर पठाउने परिपत्र गरेअनुसार खनाल र कँडेलले आ-आफ्नो क्षेत्रबाट एकल नाम सिफारिस गर्नेमा सहमति जनाएका थिए। जिल्लामा दुई निर्वाचन क्षेत्र छन्। फरक फरक निर्वाचन क्षेत्र रहेका कँडेल र खनालबीच उम्मेदवारको नाम सिफारिस गर्दा एकल गर्ने सहमति भएको थियो। क्षेत्र नम्बर २ बाट कँडेलको एकल सिफारिस भएपनि क्षेत्र नम्बर १ बाट भने खनालसहित विघटित प्रतिनिधिसभाका सदस्य विनोद चौधरीसहितको नाम सिफारिस भएको छ। गत निर्वाचनमा खनालले टिकट पाउने पक्का पक्की भए पनि अन्तिममा चौधरीले टिकट ल्याएपछि अहिले खनाल कुनै पनि हालतमा चौधरीको नाम सिफारिस नहुने पक्षमा थिए। अहिले पनि चौधरीले टिकट ल्याउन सक्ने आशंकाले खनालले कँडेलसँग सहमति गरेको कार्यकर्ताहरूले बताएका छन्। तर, क्षेत्र नम्बर २ मा खनालले सहमति कार्यान्वयन गरे पनि क्षेत्र नम्बर १ मा कँडेलले आफ्ना कार्यकर्तालाई मनाउन नसकेर चौधरीको नाम सिफारिस भएपछि खनाल पक्षका नेता उल्टै खनालसँग रुष्ट बनेका छन्।

एकल नाम नगएपछि खनाल पक्षले असहमति जनाउँदै फरक नाम सिफारिस गरेका छन्। जसमा क्षेत्र नम्बर १ बाट यसअघि पठाइएको विनोद चौधरीको नामलाई हटाएर विक्रम खनालसहितका नेताको नाम पठाइएको छ। क्षेत्र नम्बर २ बाट यसअघि पठाइएको कँडेलको नाम हटाएर अरू नेताको नाम पठाइएको छ। यता व्यक्तिगत स्वार्थका लागि नेताहरूले आफूहरूलाई गुमराहामा पारेको जनाउँदै कँडेल र खनाल पक्षका दुवै नेता/कार्यकर्ता मिलेर गगन गुट घोषणा गरेको कार्यक्रममा बोल्ने नेताहरूले बताएका छन्। गत चुनावमा पार्टीका उम्मेदवारलाई हराउन भूमिका खेलेको भन्दै खनाललाई कारबाहीको माग गर्दै देवेन्द्रराज कँडेलसहितका नेताले केन्द्रमा उजुरी दिएका थिए।

# यस्ता छन् मन्त्रिपरिषद् बैठकका निर्णयहरू

**काठमाडौं** (अन्नपूर्ण) : सरकारले एसियाली विकास बैंकबाट प्राप्त हुने करिब १४ अर्ब ३८ करोड बराबर सहुलियतपूर्ण ऋण स्वीकार गर्ने निर्णय गरेको छ। सोमबार सिंहदरबारमा बसेको मन्त्रिपरिषद्का निर्णय सार्वजनिक गर्दै सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले स्ट्रेन्थेनिङ पब्लिक फाइनान्सियल म्यानेजमेन्ट एन्ड डेभलप्ड सर्भिस डेलिभरी कार्यक्रमको लागि एसियाली विकास बैंकबाट प्राप्त हुने १०० मिलियन अमेरिकी डलर अर्थात करिब १४ अर्ब ३८ करोड बराबर सहुलियतपूर्ण ऋण स्वीकार गर्ने भएको जानकारी दिए। मन्त्रिपरिषद्ले सन् २०१६ नोभेम्बर ९ देखि निष्कासन भएका भारतीय २०० तथा ५०० दरका नोट नेपाली वा भारतीय नागरिकले प्रतिव्यक्ति भारतीय २५,००० को सीमासम्म भारतबाट नेपालमा भित्र्याउन र नेपालबाट भारतमा लैजान स्वीकृति दिने निर्णय गरेको छ। आर्थिक वर्ष २०८२/८३ को बाँकी अवधिका लागि कृषि तथा पशुपंक्षी विकास मन्त्रालयअन्तर्गत सञ्चालित सिँचाइ आधुनिकीकरण अभिवृद्धि आयोजनाको लागि अधिकृतस्तरका आठ पदहरूको अस्थायी दरबन्दी स्वीकृत गरेको छ।

## गर्भवती महिलाको ज्यान गयो

**प्यूठान** (अन्नपूर्ण) :समयमै अस्पताल पुग्न नसक्दा प्यूठानमा एक गर्भवती महिलाको ज्यान गएको छ। नौबहिनी गाउँपालिका– ६ की ३३ वर्षीया आशा विकको ज्यान गएको हो। सामान्य अवस्थामा सुत्केरी हुन नसक्दा उनको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा ज्यान गएको पारिवारिक स्रोतले जनाएको छ। 'स्वास्थ्यचौकीमा लग्यौं, त्यहाँबाट प्यूठान अस्पताल लग्यौं, त्यहाँ पनि नहुने भएपछि बुटवल पुऱ्याएका थियौं', आशाकी देवरानी रेखाले भनिन्, 'लुम्बिनी प्रादेशिक अस्पताल पुग्दा आमा र बच्चा दुवैको एक घण्टाअघि नै ज्यान गइसकेको अस्पतालले भन्यो।' नियमित स्वास्थ्य जाँच र समयमै स्वास्थ्यचौकी पुऱ्याए पनि ज्यान गएको कारणबारे भने थाहा नभएको उनले बताइन्।

# राष्ट्रिय योजना आयोगका नवनियुक्त उपाध्यक्षले लिए शपथ

**काठमाडौं** (अन्नपूर्ण) : राष्ट्रिय योजना आयोगका नवनियुक्त उपाध्यक्ष डा. प्रकाशकुमार श्रेष्ठ र सदस्य प्राडा. सुनीति श्रेष्ठ (हाडा) ले पद तथा गोपनीयताको शपथ ग्रहण गरेका छन्।




मंगलबबार आयोजित एक कार्यक्रममा उपाध्यक्ष श्रेष्ठले आयोगका अध्यक्ष एवं प्रधानमन्त्री सुशीला कार्कीसमक्ष शपथ ग्रहण गरेका हुन्। त्यसलगत्तै सदस्य हाडाले प्रधानमन्त्री कार्कीको उपस्थितिमा उपाध्यक्ष श्रेष्ठसमक्ष शपथ ग्रहण गरिन्। कार्यक्रममा योजना आयोगका सदस्य एवं मुख्य सचिव सुमनराज अर्याल, प्रधानमन्त्री कार्यालयका सचिव राजकुमार श्रेष्ठ, आयोगका सचिव रविलाल पन्थलगायत सरकारी उच्च अधिकारीहरूको उपस्थिति थियो।

शपथपछि प्रधानमन्त्री कार्कीले नवनियुक्त उपाध्यक्ष र सदस्यलाई बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरे। उनले अहिलेको मुलुकको अवस्थाको राम्रोसँग अध्ययन गरी र जेन-जी युवाको आकांक्षाबमोजिमका योजनाको तयारी गर्न निर्देशन दिइन्।

'हामीले तपाईंहरूलाई विज्ञका रूपमा यो जिम्मेवारी दिएका हौं,' प्रधानमन्त्री कार्कीले भनिन्, 'मुलुकको अहिलेको परिस्थितिबारे जानकार नै हुनुहुन्छ। यो परिस्थिति बुझेर हामीले पाइला चाल्नुपर्नेछ। देशका योजना तथा कार्यक्रमहरू पनि परिवर्तनका लागि युवाले गरेको आन्दोलनको भावनाअनुरूप तर्जुमा गर्नुपर्छ। अहिलेको परिस्थितिको राम्रोसँग अध्ययन गरी मुलुकको साख उठाउने हिसाबले काम गर्नुपर्छ। मलाई आशा छ, तपाईंहरू यस कार्यमा सफल हुनुहुनेछ।' मन्त्रिपरिषद्को सोमबारको बैठकले आयोगका उपाध्यक्ष र सदस्य नियुक्तिसम्बन्धी निर्णय गरेको थियो।


## नबिल बैंक लिमिटेड, भिमसेनगोला शाखा, काठमाडौंको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मितिः : २०८२/०९/०२)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै बास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताद्दहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

**ऋणीको नाम र ठेगानाको विवरण**

डम्बर बहादुर थापाकी छोरी, चन्द्र बहादुर दहालकी बुहारी शंकर कुमार दहालकी श्रीमती सर्लाही जिल्ला, हजारिया गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल सर्लाही जिल्ला, बरहथवा न.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. १९-०२-७१-०३८३९ (जारी मितिः २०७१/०९/१६, स्थान सर्लाही) भएकी सिता कुमारी दाहाल (थापा)।

**ब्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. चन्द्र बहादुर दहालको नाति शंकर कुमार दहालको छोरा सर्लाही जिल्ला, हजारिया गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल सर्लाही जिल्ला, बरहथवा न.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. ३५१७०८९७ (जारी मिति २०६२/३/६, स्थान सर्लाही) भएका **सुमन दहाल**।
२. ललित बहादुर दहालको नाति चन्द्र बहादुर दहालको छोरा सर्लाही जिल्ला, हजारिया गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल सर्लाही जिल्ला, बरहथवा न.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. ३५१७२२३२ (जारी मिति २०३७/०७/१५, स्थान सर्लाही) भएका **शंकर कुमार दहाल**।
३. चन्द्र बहादुर दहालको नाति शंकर कुमार दहालको छोरा सर्लाही जिल्ला, हजारिया गा.वि.स. वडा नं. १ बस्ने, ना.प्र.नं. १९२०८३/३४२ (जारी मितिः ०६६/६/२७, स्थान सर्लाही) भएका **सुर्दशन दाहाल**।

**धितोको विवरण**

सर्लाही जिल्ला, हजरिया गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल सर्लाही जिल्ला, बरहथवा न.पा. वडा नं. २ बस्ने, **सिता कुमारी दाहाल (थापा)**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. ३५, नक्सा सीट नं. १०२११४९११ मा अवस्थित कि.नं. क्रमशः ६४ र १९८ क्षेत्रफल क्रमशः १६१.६० र १३.३० वर्ग मिटर घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४



## लहान नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
लहान (सिरहा)
मधेश प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति: २०८२/०९/०२**

यस कार्यालयबाट मिति २०८२/०६/२६ मा राष्ट्रिय दैनिक सौर्य पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार देहाय वमोजिमको Contract ID /बस्तु खरिद कार्यको लागि प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तल उल्लेखित बोलपत्रदाताहरुको बोलपत्र "न्यूनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही" ठहर भई स्वीकृतका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसलि:-**

| सि.न. | ठे.न. | योजनाको नाम र स्थल | बोलपत्रदाताहरुको नाम र ठेगाना | न्यूनतम कवोल अंक (भ्याट समेत) रु. | कैफियत |
|---|---|---|---|---|---|
| 01. | LMUN-G01-NCB-2082-83-01 | Supplying, Delivery and installation Of Desktop and printer | N.K. Entreprises, Lahan-04 Siraha. | 28,06,937.00 | बोलपत्र स्वीकृतको लागि सिफारिस |

**जयकान्त झा**
**प्रमुख प्रशासकीय अधिकृत**



## Chaunrideurali Rural Municipality
## Office of the Rural Municipal Executive
**Dhadhkharka Bhanjyang, Kavrepalanchok**
**Bagamati Province, Nepal**

### Invitation for Electronic Bids

**1st Date of Publication: 2082/09/02**

1. Chaunrideurali Rural Municipality, Dhadkharka Bhanjyang, Kavre invites electronic bids from duly eligible & qualified registered bidders for the procurement of following works under S.N 1 & 2 Name & identifications of contracts are mentioned below though the details are in the bidding document.

| S. N. | Contract Identification No. | Description of Works | Bid Document Fee Amount | Bid security Amount | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|
| 1 | CDRM/WORKS/NCB/04/082/083 | Nagre Lifting Khanepani Aayojana | NRs. 3,000/- | NRs. 1,30,000/- | 2082/10/02 11:00 AM | 2082/10/02 11:30 AM |
| 2 | CDRM/WORKS/NCB/05/082/083 | Pipalchaur Sunkosi Nadi Tatabandha Nirman | NRs. 3,000/- | NRs. 1,65,000/- | 2082/10/02 11:00 AM | 2082/10/02 11:30 AM |

| Name of Bank | Name of office | Revenue Account Name & no. | Deposit Account Name & no. |
|---|---|---|---|
| Kumari Bank, Chaunrideurali Branch | Chaunrideurali Rural Municipality, Dhadkharka, Bhanjyang, Kavre | ग. १.१ अन्तरिक राजस्व खाता<br>2660247948700009 | ग. ३ स्थानीय तह धरौटी खाता<br>2660247948700004 |

For further information please refer to the PPMOs website ***http/bolpatra.gov.np/egp.*** Any amendment in the notice or bid document will be posted in the website of office.

**Chief Administrative Officer**